फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ,तेह्रथुम
कोशी प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी बालुवा आदी प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का सम्बन्धी सिलबन्दी दरभाउपत्र सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०४/२९

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ (६) तथा दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस फेदाप गाउँ कार्यपालिकाको मिति २०८१/०३/१० को निर्णय अनुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०८१/०८२ को लागि ठेक्काद्वारा गराउन यो सुचना प्रकाशित गरिएको छ। सुचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म-कम्पनीहरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समयभित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सुचित गरिन्छ। अन्य थप जानकारीका लागि यस कार्यालयको सुचना पाटी तथा यस कार्यालयको वेभसाईट https://www.phedapmun.gov.np तथा कार्यालय समय भित्र फेदाप गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ।

### ढुङ्गा, गिट्टी बालुवा भरोट आदी प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको नाम | नदी खोलाहरूको विवरण | न्युनतम ठेक्का अंक मु.अ. कर समेत | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तह निकासी शुल्क संकलन | ०१-०८१-०८२ PHR M | तमोर नदी (सिमरा घाट) | ५ लाख | रु १,०००/- | २०८१-०५-११ गते | २०८१-०५-१२ गते १२:०० बजे (कार्यालय समय) | १५,०००/- |
| | | ०२-०८१-०८२ PHR M | खोरुङ्गा फलाम साघु | ३ लाख | रु १०००/- | २०८१-०५-११ गते | | ९,०००/- |
| | | ०३-०८१-०८२ PHR M | कोयाखोला | २ लाख | रु. १०००/- | २०८१-०५-११ गते | | ६,०००/- |

शर्तहरू:

१. ठेक्काको अवधि सम्झौता मितिदेखी २०८२ साल असार मसान्तसम्म हुनेछ तर नदिजन्य पदार्थ संकलन तथा उत्खनन कार्य अवधि २०८२ साल जेठ मसान्तसम्म मात्र हुनेछ।
२. दरभाउपत्र दाताले खामको बाहिर पट्टी ठेक्का नं. ठेक्काको विवरण र नाम स्पस्ट बुझिने गरी लेख्नु पर्नेछ।
३. दरभाउपत्र खरिद कर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि मु.अ.कर दर्ताको प्रमाण आ.व. २०८०/०८१ आयकर चुक्ताको प्रमाण, फर्म दर्ता र नवीकरणको प्रमाण आदिको प्रमाणित प्रतिका साथ दरभाउपत्र खरिद गर्दा यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ।
४. कबोल गरेको रकम एकमुष्ट अग्रिम बुझाउनु पर्नेछ।
५. दरभाउपत्र खरिदकर्ताले अफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ। दर्ता भएका सिलबन्दी दरभाउपत्र फिर्ता तथा संसोधन हुने छैन।
६. दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ । साथै खोलिने कार्यक्रम पनि सोही बमोजिम हुनेछ ।
७. रीतपुर्वक दाखिला भएका दरभाउपत्रहरू मध्ये घटी वा बढीवालाको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सुचना रद्द गर्ने वा सुचना संसोधन लगायतका सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन।
८. ठेकेदारले स्वीकृत IEE प्रतिवेदन, नेपाल सरकार, प्रदेश सरकार तथा यस कार्यालयले समय समयमा दिएको निर्देशन ढुङ्गा, गिट्टि, बालुवा, जिल्ला अनुगमन तथा समन्वय समितिका निर्णयहरू तथा प्रचलित सम्बन्धित कानुनका व्यवस्थालाई पालना गर्नुपर्ने छ। साथै कार्यालय तथा ठेकेदारबीच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ।
९. यस सुचनामा उल्लेख भएका शर्तहरू ठेक्का प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन्।
१०. IEE प्रतिवेदनका प्रवाधानहरूको व्याख्या गर्ने अधिकार फेदाप गाउँपालिकामा सुरक्षित रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत